जनकपुरधाम उपमहानगरपालिका-
जनकपरधामउँप-महानगरपानिका
# नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र सङ्ख्या :२०८२/०८३
चलानी नं-: ९५८०

मिति २०८२/०९/१४ गते

विषय :- सिटरोल दर्ता सम्बन्धि सूचना ।

श्री स्थानीय सेवाका सम्पूर्ण स्थायी कर्मचारीहरु,
ज.उ.म.न.पा. ।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय जनकपुरधामको च.नं.६२१, मिति२०८२/०९/११ गतेको पत्रानुसार प्रदेश तथा स्थानीय सेवा( अन्य सेवा समेत) को कर्मचारी सूचना प्रणाली (PIS Portal) मा विवरण अध्यावधिक गर्न, सिटरोल समेत दर्ता गर्न र व्यक्तिगत संकेत नं. प्राप्त गर्नको लागि २०८२ पुष २५ गते भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी आफ्नो व्यक्तिगत फाईल यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

तपसिलः

१.सिट रोल फारम -३ (तीन) प्रति ।
२.कार्यालय प्रमुख वा अधिकृत स्तरका कर्मचारीबाट प्रमाणित निम्न कागजातहरु ।
-शुरुको स्थायी नियुक्ति देखी हालसम्मको सम्पूर्ण कागजातहरुको १/१ प्रति प्रमाणित प्रतिलिपि ।
-समायोजन ऐन अनुसार समायोजन भएको पत्र ।
-शपथग्रहणको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र ।
-नेपाली नागरिकताको प्रमाणपत्र ।
-पद संग सम्बन्धित सबै तहका शैक्षिक योग्यता तथा तालिम सम्वन्धी प्रमाणपत्रहरु ।
-नागरिकता भन्दा फरक स्थायी ठेगाना सिट रोलमा उल्लेख गरेकोमा बसाई सराई प्रमाणपत्र वा महिलाको हकमा बिवाहदर्ता प्रमाणपत्र ।
-प्रमाण पत्रहरुमा नाम,थर,ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

(मेही लाल यादव)
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

“धार्मिक, सांस्कृतिक, पर्यटकीय समृद्ध नगर जनकपुरधाम”

Website: janakpurmun.gov.np
Email: janakpursmc@gmail.com

CamScanner